# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फाल्गुन २८ गते २०३० साल


श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले जनकपुर विमानस्थल जाने बाटोबाट जनकपुर विमानस्थलको ट्रान्समिटिङ्ग स्टेशन भवन जाने बाटो निर्माणको निमित्त जनकपुर अञ्चल, धनुषा जिल्ला, कुवा रामपुर पञ्चायत वार्ड नं. ३ (क) अन्तर्गतको निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व जनकपुर विमानबाट जाने बाटो, पश्चिम कि.नं. १७४,१७५,१७६,१७७,१७८ र १९४ को जग्गाको साँध, उत्तर दिगम्बर झाको घर जग्गा साँध, दक्षिण पूर्व कि.नं. २८३ भुतही-पोखरी यति चार किल्लाभित्र पर्ने दिगम्बर झाको नाउँको २ कट्ठा ५ धुर र गुठी संस्थानको नाउँको १ कट्ठा ४ धुर गुठी जग्गा समेतको तिरो रू. ८।८१ (आठ रूपैयाँ एकासी पैसा) लाग्ने जम्मा जग्गा बिगहा ०–३–९ (तीन कट्ठा नौ धुर) को जग्गा कित्ता – – – १

आज्ञाले–

खड्गबहादुर सिंह

श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ६८२

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।